


मेरो देश मेरै उत्पादन

# CIM

## FACTS Newsletter

**Issue 13**
**Jestha 2079**

Sahid Marg, Biratnagar-02

021-515712

cim.biratnagar@gmail.com

HAVELLS
USHA
MEX
SIEMENS
Ingenuity for life
SWITCHGEAR
SAFE & SURE
ELECTRA ELECTRIC
Enlightening Dreams
OBO BETTERMANN
Crabtree
wipro

A Member Of KTC Group

Kailash Trading Company Pvt. Ltd.
*The Electrical People...*

## Corporate Office

College Road, Biratnagar-9, Nepal

+ 977 21 572485 / 486 / 487

## Showroom

Himalaya Road, Biratnagar-9, Nepal

+ 977 21 578194 / 570299 / 515014

Email: info@kailashworld.com | www.kailashworld.com

# हाम्रो भनाई

औद्योगिक विकासको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तिय व्यवस्थापन, पूर्वाधार विकास, स्वदेशी वस्तुको प्रवर्द्धन र आर्थिक वर्ष २०७९/८० को वजेटका सकारात्मक पक्ष र सुधार गर्नुपर्ने विषयहरुको समिक्षा गर्दै उद्योग संगठन मोरङको ४९ औं वार्षिक साधारणसभा गत जेष्ठ २१ शनिवार सफलतापूर्वक सम्पन्न भएको छ ।

वित्तिय तरलताको अभाव र व्याज वृद्धिले पारेको प्रभाव, औद्योगिक फिडरहरुमा गुणस्तरीय र निरन्तर विद्युत आपूर्तिको अपरिहार्यता, पूर्वाधार विकासको आवश्यकता, उत्पादकत्व र उत्पादन लागतमा वाह्रय क्षेत्रको प्रभाव, व्यापार सहजीकरणमा सरकारको भूमिका, प्रकृयागत जटिलता सरलीकरण लगायत वजेटको प्राथमिकताको विषयमा नीतिगत र संरचनागत सुधारका पक्षहरुलाई साधारण सभामा प्राथमिकताका साथ उठाईएको छ । कुल ग्राहस्थ्य उत्पादनमा उद्योगहरुको घटदो योगदान र प्रत्येक वर्ष वढ्दो क्रममा रहेको व्यापार घाटा न्यूनिकरणका उपायहरुलाई केन्द्रविन्दुमा राखेर सरकारले वजेट निर्माण गरी स्वदेशी उद्योगहरुलाई संरक्षणको नीति लिनुपर्ने विषयलाई साधारण सभाले प्रमुखताका साथ उठाएको छ ।

आर्थिक वर्ष २०७९/८० को बजेटमा जि.आई. वायर, स्यानेटरी प्याड र घिउतेल उद्योगको कच्चा पदार्थ र उत्पादित वस्तुको आयातमा भन्सार महशुल तथा अन्तःशूल्कमा गरिएको परिवर्तनले, कच्चा पदार्थ र तयारी वस्तू बीच कम्तिमा एक तहको भन्सार महशुल दर फरक हुनुपर्ने नीति विपरित भएको कुरालाई तथ्य र तथ्यांकको आधारमा उजागर गरी त्यसबाट स्वदेशी उद्योगहरुमा पर्ने नकारात्मक प्रभावलाई मध्यनजर गरी वजेटमा गरिएको व्यवस्थालाई अविलम्व सच्याउन साधारण सभाबाट नेपाल सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री समक्ष अनुरोध गरिएको छ ।





## Current Economic and Financial Situation of Nepal

| | |
|---|---|
| **28%** Import Growth | **59.80%** Export Growth |
| **0.2%** Decrease in Remittance | **7.87%** CPI-based Inflation |
| **Rs. 908.89 Billion** Federal Government's Expenditure | **Rs. 299.50 Billion** Balance of Payment (Deficit) |
| **USD 9.28 Billion** Gross foreign exchang reserves | **Rs. 865.70 Billion** Revenue Collection |

Source: Nepal Rastra Bank (NRB), June 10, 2022

# उद्योग संगठन मोरङको ४९औं वार्षिक साधारणसभा सम्पन्न

उद्योग संगठन मोरङको ४९औं वार्षिक साधारण सभा नेपाल सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका मन्त्री दिलेन्द्र प्रसाद वडूको प्रमुख आतिथ्यतामा २०७९ जेष्ठ २१ गते सम्पन्न भएको छ ।

संगठनका अध्यक्ष सुयश प्याकुरेलको सभापतित्वमा सम्पन्न साधारण सभाको समुद्घाटन कार्यक्रममा अध्यक्ष प्याकुरेलले विद्यमान चूनौति, आर्थिक वर्ष २०७९/८० को वजेट र औद्योगिक विकासका आयामहरुका सम्वन्धमा प्रस्तुती गर्दै गुणस्तरीय उर्जा, पूर्वाधार विकास, खुला सिमानाबाट हुने चोरी पैठारी नियन्त्रण जस्ता कुरालाई सुधार गर्दै लैजानुपर्नेमा जोड दिनु भयो । उहाले आर्थिक वर्ष २०७९/८० को वजेटबाट वायर एण्ड स्टिल उद्योग, घिउतेल उद्योग, सेनेटरी प्याड उद्योगमा पर्न गएको प्रभावलाई औंल्याउदै आर्थिक विकास र स्वदेशी उद्योगहरुको प्रवर्द्धनकालागि कच्चा पदार्थ र उत्पादित वस्तु वीच कम्तिमा एक तह फरकको भन्सार महशुल कायम गर्ने नीति अवलम्वन गर्नुपर्नेमा जोड दिनु भयो ।

प्रमुख अतिथि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्र प्रसाद वडूले मुलुकलाई समृद्ध र आत्मनिर्भर वनाउन नीजि क्षेत्रको महत्वपूर्ण भूमिका हुने वताउदै निर्यातजन्य उद्योगलाई प्रैंत्साहन गर्ने, समृद्ध मुलक निर्माणका लागि उद्योग र लगानी मैत्री वातावरण निर्माणका लागि नीति परिमार्जन गर्न सरकार तयार रहेको जनाउनु भयो । उद्योग स्थापनाका लागि उद्योगीले सरोकारवाला धेरै मन्त्रालय धाउनु पर्ने वाध्यताका कारण लगानीमा प्रतिकुल प्रभाव परेको औंल्याउदै उनले सबै मन्त्रालय वीच समन्वयकारी भूमिका निर्वाह गर्न वातावरण तयार गर्न उद्योग मन्त्रीका रुपमा आफुले पहल गर्ने विश्वास दिलाए ।

नेपाल उद्योग परिसंघ प्रदेश नं. १ का अध्यक्ष एवं संगठनका निवर्तमान अध्यक्ष भीम घिमिरेले वैंक तथा वित्तिय संस्थालाई मनोमानी ढंगबाट व्याज निर्धारण गर्न छुट दिदा उद्योग व्यवसाय प्रताडित भएकाले नियमनकारी निकायले हस्तक्षेप गर्नुपर्ने धारणा राख्नु भयो ।

संगठनका पूर्व अध्यक्ष एवं संरक्षण समितिका संयोजक किशोर प्रधानले उद्योग मन्त्रालय उद्योगीहरुको अभिभावक भएकाले उद्योगीको हरेक समस्यावाट सूसुचित हुनुपर्ने वताउनु भयो । उहाले उद्योगीहरु समस्या समाधानका लागि बिभिन्न मन्त्रालयमा धाउनुपर्ने वाध्यताको अन्त्यका लागि उद्योग मन्त्रालयको सक्रियता औंल्याउनु भयो ।

मोरङ व्यापार संघका अध्यक्ष नविन रिजालले राज्यले उद्योगहरुको नीति निर्माण गर्दा सबैलाई समानान्तर व्यवहार गर्नुपर्ने, राज्यको नीतिले कुनैपक्षलाई फाईदा र कुनैपक्षलाई हानी पुऱ्याउने भन्दापनि सबैक्षेत्रको समान विकास हुने नीति अवलम्वन गर्नुपर्ने सुझाव दिनुभयो ।

कार्यक्रममा प्रदेश नं.१ का उद्योग, श्रम तथा रोजगार मन्त्रालय प्रदेश नं. १ का मन्त्री प्रताप प्रकाश हाङगामले उद्योग व्यवसाय नै आर्थिक विकासको मूल आधार भएकाले यस क्षेत्रको विकास र विस्तारमा प्रदेश सरकार कटिवद्ध रहेको वताउनु भयो । नेपाल उद्योग वाणिज्य महासंघ उद्योग समितिका सभापति भरतराज आचार्यले विराटनगरले औद्योगिक क्षेत्रको विकासमा लागि पुऱ्याएको योगदानको चर्चा गर्दै विराटनगर जुट मिल स्थापना भएको दिन नै महासंघले उद्योग वाणिज्य दिवश मनाउन प्रारम्भ गरेको वताउनु भयो । विराटनगर महानगरपालिकाकी उपप्रमुख शिल्पा निराला कार्कीले स्वदेशी वस्तुहरुको उपभोग अभिवृद्धिले देश आत्मनिर्भर उन्मुख हुने वताउनु भयो ।

४९औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहमा विभिन्न पालिकाका प्रमुहरु, उद्योग संगठनका पूर्व अध्यक्षहरु, विशिष्ठ सल्लाहकारहरु, जिल्ला नगर उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, विभिन्न संघ/संस्थाका अध्यक्ष, उद्योगी/व्यवसायीहरु, सरकारी निकायका प्रमुखहरु, प्राध्यापक/डक्टर, अर्थशास्त्री लगायतको सहभागिता रहेको थियो ।

# ४९औं वार्षिक साधारण सभाको समुद्घाटन कार्यक्रममा उद्योग संगठन मोरङका तर्फबाट उठाईएका विषयहरु

## तरलता अभावले उद्योग व्यवसायमा परेको प्रभाव

- वैंक तथा वित्तिय क्षेत्रले उद्योग व्यवसायलाई तरलता उपलब्ध गराउन नसक्दा चालु पूजिको अभावहुनुका साथै उद्योग विस्तार र नया क्षेत्रको लगानीमा नकारात्मक प्रभाव ।
- छोटो समयको अन्तरालमा व्याज वृद्धि भईदिदा वस्तु उत्पादन लागतमा वृद्धि ।
- व्याज वृद्धिले उत्पादन लागत बढ्न गई निर्यातमा कमी आई उद्योगहरुले प्रतिर्ष्धात्मक क्षमता गुमाउदै गएको अवस्था ।
- वित्तिय संस्थाहरुले कच्चा पदार्थको आयातका लागि समेत समय मै एल.सी नखोलिदिदा उत्पादनमा ह्रास ।

## सुधारका लागि गर्नुपर्ने कार्य

- उत्पादनमूलक उद्योगहरुमा प्रवाह भएको कर्जामा एक अंकको व्याजदर कायम ।
- विप्रेषणलाई उत्पादनमूलक उद्योगमा लगानी गर्ने व्यवस्था ।
- नियमनकारी निकायबाट वैंक तथा वित्तिय संस्थाहरुको प्रभावकारी नियमन ।
- संघिय र प्रदेश सरकारको खातामा राष्ट्र बैंकमा रहेको रकमलाई बैंक तथा वित्तिय संस्थाहरुमा जम्मा गरी तरलता प्रवाहको व्यवस्था ।

## युक्रेन-रुस युद्धको प्रभाव


- खानेतेलको कच्चा पदार्थ क्रुड आयल तथा ईन्धनको आपूर्तिमा समस्या ।
- अन्तर्राष्ट्रिय वजारमा कच्चा तेलको अभावले मूल्यमा वृद्धि ।
- डलरको भाउ वृद्धि भईदिदा उद्योगहरुले आयात गर्ने कच्चा पदार्थको मूल्यमा वृद्धि ।
- अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा अवमूल्यन हुदा आयातित वस्तु महंगो दरमा खरिद गर्नुपर्ने वाध्यता ।
- शोधनान्तर घाटा (देश भित्रने र बाहिरिने रकमबीचको अन्तर) थप बढ्न गई वैदेशिक मुद्राको सञ्चितीमा दबाव ।

## प्रभाव न्यूनिकरणका लागि गर्नुपर्ने



- स्वदेशी उद्योगहरुको क्षमता र उत्पादकत्वमा अभिवृद्धि गर्ने नीति अवलम्वन ।
- स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुलाई प्रोत्साहन ।
- ईन्धनको खपत घटाउदै विद्युत खपत वढाउने नीति ।
- स्वदेशी वस्तुहरुको उपभोग अभिवृद्धि ।
- स्वदेशी कच्चा पदार्थमा आधारित वस्तुको निर्यात प्रवर्द्धन ।

## उर्जाको प्रभाव



- औद्योगिक फिडरहरुमा निरन्तर ट्रिपिङ, भोल्टेज फ्लक्चुएशनले मिल उपकरण बिग्रि रहने ।
- पूर्वसूचना नदिई औद्योगिक फिडरमा विद्युत आपूर्ति बन्द गरिदा उद्योग व्यवसाय क्षेत्रलाई थप आर्थिक व्ययभार ।
- सानोतिनो हावाहुरीमा समेत लामो समय विद्युत अवरुद्ध भईदिदा उत्पादनमा ह्रास ।
- सुख्खा याममा आवश्कता अनुरुप विद्युत उपलब्ध नहुदा उत्पादन कटौती गर्न बाध्य ।
- वारम्वार विद्युत अवरुद्ध भईदिदा उत्पादनको क्रममा रहेका कच्चा पदार्थ खेर जाने, गुणस्तरीय वस्तु उत्पादन नहुने समस्या ।

## गर्नुपर्ने कार्य



- सुख्खा याममा समेत औद्योगिक फिडरहरुमा पर्याप्त विद्युत आपूर्तिको व्यवस्था ।
- रनअफ रिभरको साथै जलाशय यूक्त विद्युत गृहको निर्माण ।
- ट्रान्समिशन लाईन र सवस्टेशन जस्ता पूर्वाधार निर्माण ।
- औद्योगिक फिडरमा निरन्तर र गुणस्तरीय विद्युत आपूर्तिको व्यवस्था ।
- विद्युतका पुराना संरचनाको परिवर्तन ।
- उर्जा निर्यात भन्दा पनि स्वदेश मै वढी उर्जा खपत गर्ने वातावरण तयार ।



## मिरगन्ज पूल अवरोधको प्रभाव



- मालबाहक सवारी साधनहरुको उक्त पुलबाट आवागमन बन्द गरिदा भण्टाबारी रिरुट गरि ल्याईरहनु परेको अवस्था ।
- प्रति ढुवानीका साधन रु. २०,००० भन्दा बढि खर्च लागिरहेको ।
- नाका परिवर्तनका कारण हुने ढिलाईले डिटेन्सन वापत करौडौ रकम तिर्नुपरिरहेको ।
- उद्योगहरुलाई आवश्यक कच्चा पदार्थ आयात र उत्पादित वस्तु निर्यातमा अतिरिक्त समय र खर्चको भारवहन ।

## गर्नुपर्ने कार्य

- मिरगञ्जको पुरानो पुलसँगै बनिसकेको पुल सञ्चालनमा ल्याउन भारत सरकार समक्ष ठोस परिणाममुखी कुटनीतिक पहल ।

**२०० प्रतिदिन**
मालवाहक साधनको आवागमन संख्या

**रु.२०,०००**
प्रति ट्रक
अतिरिक्त खच

**रु.४०,०००००**
प्रतिदिनको अतिरिक्त खच

**रु.७६,०००,००००**
२०७९ जेष्ठ ३१ गतेसम्म कुल अतिरिक्त खच

## सुनसरी-मोरङ - कटहरी करिडोरमा बाढिको प्रभाव


- वर्षाको समयमा प्रत्येक वर्ष औद्योगिक करिडोर आउने वाढीले उद्योगहरुमा ठूलो नोक्सानी ।
- वाढी प्रभावित उद्योगहरुमा महिनासम्म उत्पादन प्रकृया ठप्प ।
- उद्योग कल कारखाना डुवान, मिल मेशिनरी औजार उपकरणहरुमा खरावी ।
- गोदाममा पानी पस्दा कच्चा पदार्थ तथा उत्पादित वस्तु खेर गएको ।
- कच्चा पदार्थ, उत्पादित वस्तु खेर जादा, उत्पादन प्रकृया ठप्प हुदा, मेशिनरी औजार बिग्रदा र सरसफाईमा करौडौ रुपैयाको आर्थिक व्ययभार ।

## गर्नुपर्ने कार्य



- सडक पूर्वाधार निर्माण गर्दा व्यवस्थित र व्यवहारिक योजना बनाउनु पर्दछ ।
- राजमार्गमा पानिको निकासको पर्याप्त प्रवन्ध ।
- सडक बनाउदा पहिले भएको कालो पत्रे हटाएर उचाई नबढ्ने गरि बनाउने ।
- नदिहरुमा तटबन्ध निर्माण, ढलको उचित व्यवस्थापन ।
- घर तथा संरचना निर्माण गर्दा स्थापित मापदण्डको पालना ।
- क्रस रोड पानिको निकास पर्याप्त व्यवस्था ।

# बादिबाट उद्योगमा भएको कुल क्षति रुपैयामा



९८,१७,१८,००० मेशिन औजारमा भएको क्षति,

२,४७,१८,९८,००० जम्मा

७१,२५,७०,००० कच्चमाल वस्तुमा भएको क्षति

१,७१,६५,००० फोहोर सरसफाई तथा व्यवस्थापनमा भएको क्षति

७६,०४,४५,००० तयारी वस्तुमा भएको क्षति



## बैदेशिक व्यापार घाटाको कारण



- नेपालको निर्यात व्यापार सीमित वस्तु र सीमित देशमा केन्द्रित ।
- निर्यातयोग्य वस्तुहरुको विविधिकरण हुन नसक्नु ।
- निर्यात व्यापारलाई वढावा दिने अपेक्षित कानुन र संस्थागत सुधार हुन नसक्नु ।
- निकासीजन्य उद्योगहरूभित्र अग्र र पृष्ठ अन्तरसम्बन्ध कायम हुन नसक्नु ।
- प्रकृयागत जटिलता, वढदो लजिष्टिक खर्च, परिवर्तित नीति ।

## सुधारका लागि अवलम्वन गर्नुपर्ने कार्य




- तुलनात्मक लाभ र क्षमता भएका वस्तु तथा सेवाहरूको पहिचान, विकास, विविधीकरण ।
- उत्पादन, उत्पादकत्व अभिवृद्दि गरी निर्यात प्रवर्धन र व्यापारजन्य प्रविधि र पूर्वाधारको विकास
- व्यापार सहजीकरण र सुदृढीकरण गरी आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार लागत कम ।
- बौद्विक सम्पत्ति सम्बन्धी अधिकारको अन्तर्राष्ट्रिय बजारमा संरक्षण र प्रवर्धन ।
- अन्तर्राष्ट्रिय मूल्य श्रृंखलामा आवद्धता र स्वदेशी उत्पादनको बजार विस्तार ।
- विदेशस्थित नेपाली नियोगको संयन्त्रहरूलाई निर्यात प्रवर्धन परिचालन ।
- गुणस्तर, प्याकेजिङ, ब्राण्डिङ सुधार र निर्यात प्रवर्धनकालागी Export Logistic Park स्थापना ।
- निर्यात सहजीकरणमा र औद्योगिक पूर्वाधार विकास

## कुल ग्राहस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगहरुको योगदान


| SN | Trade Indicators | FY 2077/78 (First 10 Months) | FY 2078/79 (First 10 Months) | Change (%) |
|---|---|---|---|---|
| 1 | Imports (Rs.in `000) | 1,254,110,179 | 1,604,652,517 | 27.95 |
| 2 | Exports (Rs.in `000) | 108,479,756 | 173,348,212 | 59.8 |
| 3 | Trade Deficit (Rs.in `000) | 1,145,630,423 | 1,431,304,306 | 24.94 |
| 4 | Total Foreign Trade (Rs.in `000) | 1,362,589,935 | 1,778,000,729 | 30.49 |
| 5 | Imports/Exports Ratio | 11.56 | 9.26 | -19.93 |
| 6 | Exports Share to Total Trade (%) | 7.96 | 9.75 | 22.46 |
| 7 | Imports Share to Total Trade (%) | 92.04 | 90.25 | -1.94 |

# आर्थिक वर्ष २०७९/८० को वजेट

## १७ खर्ब ९३ अर्ब ८३ करोड




## Source of Budget




## आर्थिक वर्ष २०७९/८० को वजेटको सकारात्मक पक्ष



- निर्यातमुलक उद्योगलाई नगद अनुदान
- आयातबाट उत्पादनमूखि अर्थतन्त्र तर्फको प्रस्थान
- उत्पादनशिल उद्योग स्थापना गर्न पूर्वाधार निर्माण
- उद्योगलाई मेशिनेरी र कच्चा पदार्थ आयातमा सहुलियत ।
- उद्योग स्थापना गर्न ५० वर्षसम्म जग्गा लिजमा दिने ।
- स्वदेशी उद्योगको उत्पादन र प्रयोग वढाउन अभियान संचालन ।
- उत्पादनशिल क्षेत्र र अनुत्पादनशिल क्षेत्रमा फरक फरक ब्याजदर ।

# स्टिल तथा वायर उद्योग

## जिआई वायर निर्यातको अवस्था

| | | |
|---|---|---|
| २२,७४० मे.टन | २०७५।७६ | ३२० करोड |
| ७,८१६ मे.टन | २०७६।७७ | १०८ करोड |
| ४,३५७ मे.टन | २०७७।७८ | ७१ करोड |
| ६७२ मे.टन | २०७८।७९ (पछिल्लो १० महिनाको) | १८ करोड |

## कच्चा पदार्थ र तयारी मालको आयातमा रहेको महशुल संरचना

| उत्पादन | कच्चा पदार्थ : वायर रड | तयारी माल : GI Wire and other Products |
|---|---|---|
| HS Code | ७२१३९१ | ७२१७२००, ७३१४, ७३१२, ७३१७ |
| भन्सार शुल्क साविक दर | ५% | १० % तर साफ्टा सुविधा अन्तरगत ६% |
| नयाँ दर (बजेट) | १०% | ३० % तर साफ्टा सुविधा अन्तरगत ६% |
| अन्त: शुल्क हालको दर | रु २५०० प्रति मे.टन | रु २५०० प्रति मे.टन |
| अन्त: शुल्क नयाँ दर (बजेट) | रु ४५०० प्रति मे.टन | रु १०,००० प्रति मे.टन |
| भारतले लगाएको कच्चा पदार्थ निर्यातमाअन्तशुल्क(२२ मे, २०२२ बाट) | १५% | शुन्य |

## परिणाम



- SAFTA अन्तर्गत आयात गर्दा ६ प्रतिशत मात्र शुल्क लाग्ने व्यवस्थाले वायर उद्योगहरु आयातीत वस्तुहरुसंग प्रतिष्पर्धा गर्न नसक्ने ।
- परिवर्तित भन्सार महशुल तथा अन्त: शुल्कको कार्यान्वयन हुदा कच्चा पदार्थ आयात गरि वस्तु उत्पादन गर्नुभन्दा तयारी वस्तु आयात गर्दा प्रति मे.टन रु **१५०४३** ले सस्तो पर्ने ।
- नेपालका ४० भन्दा बढि साना ठुला वायर उद्योगहरु तत्कालै बन्द हुने ।
- स्वदेशको माग धान्न मासिक २०००० मे.टनको आयात गर्दा करिब रु ३३ अरब रुपैया विदेशिने ।

# हालको अवस्थामा कच्चा पदार्थ र तयारी वस्तुको लागतको तुलनात्मक विवरण

(१ मे.टनको)

| स्वदेशी उद्योग | | तयारी वस्तु आयात | |
|---|---|---|---|
| विवरण | स्थानीय उद्योग (GI Wire) | विवरण | आयात (GI Wire) |
| Wire Rod Price @ India Per Mt. | 680 USD | Price GI in India | 75000 INR |
| Add : Export Duty @ 15% | 782 USD | Export Duty from India | Nill |
| Add: Freight | 20 USD | Freight | 2000 INR |
| Landed USD 124.50 | 99849 NPR | Landed in NPR | 123200 NPR |
| Add: Import Duty @ 10 % | 109833 NPR | Added Duty of 6% under SAFTA | 130590 NPR |
| Add Excise Duty 4500 | 114333 NPR | Add Excise @10000 | 140590 NPR |
| Labour, Store, electricity | 14000 NPR | | |
| Zinc costing | 28000 NPR | | |
| Interest Cost | 5000 NPR | | |
| Total cost Manufacturing | 161333 NPR | | |
| Less : Steel weight @114 for 50 KG | 5700 NPR | | |
| **Net per Ton** | **155633 NPR** | **Net per Ton** | **140590 NPR** |

कच्चा पदार्थ र तयारी वस्तू वीच कम्तिमा एक तहको भन्सार महशुल दर फरक हुनुपर्ने नीति विपरित भएको



# घिउ तेल उद्योग

## वर्तमान अवस्था

- करिब ५० अरब भन्दा बढि नेपाली रुपैया लगानी
- २२ वटा ध्यू तेल उद्योगहरुले करिब ५५०० जनालाई रोजगारी दिएको
- चालु आर्थिक बर्षको १० महिनामा रु ८७.६० अरबको निर्यात गरेको

## २०७९/८० को वजेट अघि

- साबिकमा क्रुड आयल कच्चा पदार्थमा १० प्रतिशत भन्सार महशुल
- प्रशोधित तेलमा एक तह माथि १५ प्रतिशत भन्सार महशुल लाग्दै आएको

## २०७९/८० को वजेटमा भएको व्यवस्था

बिष्कुट तथा चाउचाउ उद्योगलाई प्रशोधित पाम र पामोलिन तेल आयातमा ५ प्रतिशत भन्सार महशुल अर्थात ६६.६७ प्रतिशत छुट दिईने व्यवस्था ।

## बजेट २०७९/८०

| कच्चा पदार्थ क्रुड आयल | | पशोधित पाम र पामोलिन तेल |
|---|---|---|
| १० प्रतिशत | साविकको भन्सार दर | १५ प्रतिशत |
| १० प्रतिशत | प्ररिवतित भन्सार दर | ५ प्रतिशत |

- कच्चा पदार्थ र तयारी वस्तुको भन्सार दर कम्तीमा १ तह कायम गर्ने सरकारको नीतिसंग बभ्रिकयको। प्रतिष्पर्धा गर्न नसक्ने।
- मूख्य निर्यात हुने उत्पादन भएपनि निर्यातमा अनुदानको सुविधामा नपरेको (चालु आ.व.को. १० महिनामा रु ८७.६० अरब रुपैयाको निर्यात)
- अन्य स्वदेशी उद्योगलाई खाध तेल प्रयोगमा सुविधा दिदा स्वोदेशी उद्योगबाट दिने व्यवस्था मिलाउनु पर्ने।

## परिणाम

२२ उद्योग,
५,००० रोजगारी श्रृजना

५० अरब भन्दा बदिको लगानी जोखिम

# स्यानेटरी प्याड उद्योग

## वर्तमान अवस्था

- हाल संचालनमा रहेका स्वदेशी ४० वटा उद्योगहरुमा ६ अर्ब रुपैयाको लगानी ।
- वार्षिक करिब ९० करोड उत्पादन क्षमता ।
- पर्याप्त स्वदेशी हुदाहुदै पनि हाल गुणस्तरहिन प्याडहरु आयात भइरहेको ।

## २०७९/८० को वजेटमा भएको व्यवस्था

तयारी वस्तु(सेनेटरी प्याड) को आयातमा भन्सार महशुल १५ प्रतिशतमा ९० प्रतिशत घटाइ १.५ प्रतिशत रहेकोले सस्तो पर्न गएको ।

## स्यानेटरी प्याडको कच्चा पदार्थ आयातमा

- प्याकेजिङ सामाग्रीमा ३० प्रतिशत भन्सार महशुल र ५ प्रतिशत अन्तःशुल्क ।
- कच्चा पदार्थ कुनैमा ५ र केहि जस्तैः PERFORATED PE FILM, Fluff pulp, RELEASE PAPER, GLUE, PE FLIM, SAP POWDER मा १ प्रतिशत ।
- स्यानेटरी प्याड उद्योगमा आवश्यक कच्चा पदार्थहरुका औसत ७.५ प्रतिशत भन्सार शुल्क पर्ने ।

## बजेट २०७९/८०

**SAP POWER**
भन्सार महशुल
१%

**WRAPPER**
भन्सार महशुल ३०
र अन्तशुल्क ५ %

**PE FLIM**
भन्सार महशुल
१%

**FLUFF PULP 65% USE**
भन्सार महशुल
५%

**PERFORATED PE FLIM**
भन्सार महशुल
१%

**GLUE**
भन्सार महशुल
१%

**RELEASE PAPER**
भन्सार महशुल
१%

# प्लाष्टिक डोरी (रोप) उद्योग

| वर्तमान अवस्थामा | भन्सार महशुल |
|---|---|
| कच्चा पदार्थ HS Code ३९०२.१०.०० | ६ प्रतिशत (साफटा सुविधाबाट) |
| तयारी डोरी HS Code ५६.०७.५९.०० | ७.५ प्रतिशत (साफटा सुविधाबाट) |
| तयारी डोरी भारतबाट LC मार्फत पैठारी गर्दा | ०.७५ प्रतिशत थप छुट |
| **तयारी डोरी साफटा सुविधा अन्तर्गत पैठारी गर्दा** | **६.७५ प्रतिशतमा आयात भईरहेको** |

- कच्चा पदार्थ र तयारी वस्तुको भन्सार महशुल वास्तविकतामा ०.७५ प्रतिशत मात्र फरक
- कच्चा पदार्थ र तयारी वस्तू बीच कम्तिमा एक तहको भन्सार महशुल दर फरक हुनुपर्ने नीति विपरित भएको

## सुधार गर्नुपर्ने

तयारी डोरी (रोप) को भन्सार महशुल ३० प्रतिशत कायम गरी स्वदेशी उद्योगको संरक्षण ।

# अगरबत्ती उद्योग



## वर्तमान अवस्था

- सयौंको संख्यामा संचालनमा रहेका ।
- ५ हजार भन्दा बढीलाई रोजगार उपलब्ध गराउदै आएका ।
- अगरबत्ती उत्पादनमा देशलाई आत्मनिर्भर उन्मुख बनाउदै लगेका ।
- विदेशी अगरबत्तीसंग प्रतिस्पर्धा गर्दै उत्पादनलाई निरन्तरता दिदै आएका ।

| करको शिर्षक | कच्चा पदार्थ आयातमा (HS Code 3307.41.00) | तयारी वस्तु आयातमा (HS Code 3307.41.00) | कैफियत |
|---|---|---|---|
| भन्सार महशुल | १० प्रतिशत | १० प्रतिशत | |
| अन्त:शुल्क | १५ प्रतिशत | १५ प्रतिशत | |
| भ्याट | १३ प्रतिशत | १३ प्रतिशत | |
| कच्चा पदार्थ ल्याई उत्पादित तयारी वस्तुमा आ.व. २०७९/८० को बजेटबाट थप अन्त:शुल्क | | | ५ प्रतिशत |

## गर्नुपर्ने कार्य

–कच्चा पदार्थ र तयारी वस्तू बीच कम्तिमा एक तहको भन्सार महशुल दर फरक हुनुपर्ने नीति अवलम्बन
–आ.व. २०७९/८० को बजेटबाट तयारी वस्तुमा थप गरिएको ५ प्रतिशत अन्त:शुल्क हटाउनु पर्ने

# प्रदेश नं. १ को औद्योगिक विकासमा गेम चेन्जरका रुपमा रहेका तर वजेटले सम्वोधन नगरेका विषयहरु

- **रेल्वे परियोजना** : जग्गा मुआब्जाको सामान्य विवादका कारण लामो समय देखि निर्माण कार्य अघि वढन नसकेको रेल्वे परियोजना ।
- **औद्योगिक क्षेत्र** : आ.व. २०६८/६९ साल देखि सुनसरी अमरडुवामा Special Economic Zone बनाउन सम्भाब्यता अध्ययन गर्न बजेट बिनियोजन तर काम हुन नसकेको ।
- **अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी केन्द्र** : उद्योग संगठन र मोरङ व्यापार संघले ९५ बर्षका लागी श्री सत्यनारायण मन्दिरको २ बिघाह ३ कठ्ठा जमिन लिजमा लिइएको तर निर्माण कार्य प्रारम्भ हुन नसकेको ।
- **विराटनगर विमानस्थल** : विस्तारका लागी जग्गा रोक्का राखिएको भएपनि बजेट विनियोजन नभएको ।

## उद्योग संगठन मोरङको ४९औं वार्षिक साधारणसभका झलकहरु









Designed By

FACTS RESEARCH & ANALYTICS

Your Research Partner

CONTROL®
LUBRICANTS



# कन्ट्रोल लुब्रिकेन्ट्स
# उत्कृष्टता प्रति समर्पित

## स्तन क्यान्सरविरूद्धको सचेतनाका लागि सहयोग

### एक लिटरमा एक रुपैयाँ

एउटा सफल राष्ट्रको निर्माणमा प्रमुख भूमिका खेल्ने हाम्रा नेपाली महिला दिदीबहिनीहरूलाई सहयोग गरी समुदाय, संस्कृति र राष्ट्रको उत्थानका लागि हामी प्रयासरत छौं ।

फुजिमा आयल कम्पनी प्रालिको यस महत्वपूर्ण अभियानबाट हामी हाम्रो देशका महिला दिदीबहिनीहरूको कल्याण तथा सुस्वास्थ्यमा टेवा पुऱ्याउन चाहन्छौं । यस अभियानबाट हामीले महिलाहरूको मेडिकल चेकजाँचमा पहुँच बढाएर स्तन क्यान्सरसम्बन्धी सचेतना फैलाउने उद्देश्य राखेका छौं ।

हामीले बिक्री गरेको प्रत्येक १ लिटर कन्ट्रोल लुब्रिकेन्ट्सवापत कम्पनी र आधिकारिक वितरकहरूले संयुक्त रूपमा १ रूपैयाँ उठाई खाँचो भएका महिलाहरूको मेमोग्रामका लागि छानिएका क्लिनिकहरूलाई सहयोग स्वरूप दिने प्रतिबद्धता गर्दछौं ।

यससम्बन्धी थप जानकारीको लागि नवीन शिवाकोटीलाई +९७७ ९८१-७३४८३२० वा १६००-०१-००९००मा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

FUJIMA GROUP

फुजिमा ग्रुप
युरोपियन एण्ड अमेरिकन एडेटिभ्स फर्म्युलेशन

CONTROLLUBRICANTS.COM
TRIBUTE TO EXCELLENCE